लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# स्वास्थ्य कार्यालय

घोराही, दाङ

प.स.०८२।८३

## एम्बुलेन्स तथा बिरामी ओसारपसार गर्ने सवारी साधन संचालन अनुमति, स्तरोन्नति तथा नवीकरण गर्न आउने बारे अत्यन्त जरुरी सूचना

<u>सूचना प्रकाशित मिति २०८३/०१/२४</u>

जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति दाङको मिति २०८३।०१।२४ मा बसेको बैठकको निर्णय बमोजिम दाङ जिल्लाअन्तर्गत संचालनमा रहेका सम्पूर्ण एम्बुलेन्स सेवा प्रदायक संस्थाहरुले एम्बुलेन्स सेवा निर्देशिका, २०८२ को दफा १२ र १३ बमोजिम एम्बुलेन्स सेवा संचालन नवीकरण म्याद समाप्त भएमा अनिवार्य ५ वर्षको लागि GPS जडान गरी आवद्ध भएको जिल्ला प्रेषण केन्द्रको सिफारिससहित निर्देशिकाले तोकेबमोजिमको अन्य कागजातहरु तथा आवश्यक प्रक्रिया पुर्याई यो सूचना प्रकाशन गरिएको मितिले ३० दिनभित्र नवीकरणका लागि स्वास्थ्य कार्यालय दाङमा एम्बुलेन्स तथा विरामी ओसारपसार गर्ने संचालक, स्वास्थ्य संस्थाको प्रमुख वा प्रतिनिधि स्वयंम उपस्थित भई फाईल पेश गर्नुहुन अनुरोध छ। साथै एम्बुलेन्स सेवा संचालन अनुमति लिई संचालनमा रहेका र नवीकरण म्याद समाप्त नभएका तर GPS जडान नगरी संचालनमा रहेका एम्बुलेन्स तथा विरामी ओसारपसार गर्ने सवारी साधनहरुको संचालकहरुले पनि यो सूचना प्रकाशन गरिएको मितिले ३० दिन भित्र अनिवार्य जडान गरी जिल्ला प्रेषण केन्द्रमा आवद्ध भई स्वास्थ्य कार्यालय दाङमा सोको प्रमाण पेश गर्नुहुन अनुरोध छ।

तोकिएको समयभित्र नवीकरणको लागि कागजात पेश नगर्ने एम्बुलेन्स तथा विरामी ओसारपसार गर्ने सवारी साधानहरुमा एम्बुलेन्स सेवा निर्देशिका २०८२ को दफा १३ (२) बमोजिम सेवा संचालनमा रोक लगाउनुका साथै सेवा संचालन अनुमति खारेजीका लागि प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समितिलाई सिफारिस गरिने व्यहोरा पनि सबै सरोकारवालाहरुमा यसै सूचनामार्फत जानकारी गराईन्छ।

थप जानकारीका लागि सम्पर्क व्यक्तिहरुः
शरद घिमिरे (९८४७८२०३८८)
उज्ज्वल कुमार पौडेल (९८६८६०१७५०)

..................
टि.बि. गुरुङ
सदस्य सचिव
जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति दाङ

जिपिएस जडानका लागि सम्पर्कः
विष्णु खनाल (९८६७२५००५६)

Scanned with CamScanner